जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४० र.नि.हु.का.द.नं. ६/०६४/०६५

नवीन साप्ताहिक

वर्ष ४१ अंक ४ २०७९ साल साउन २२ गते आइतवार (7 Aug 2022 Sunday) मूल्य रु. ७/-

यस अंक भित्र – **पृष्ठ २ मा :** आत्महत्या रोकथाम वा ... **पृष्ठ ३ मा :** सरकार, हामीले नागरिकता ... **पृष्ठ ४ मा :** शिक्षामा स्थानीय सरकारको ... **पृष्ठ ५ मा :**जनमतका अध्यक्ष डा. राउत ...

ओली कै कारण नेकपा एकीकृत समाजवादीको उदय भयो : उपमहासचिव खतिवडा

सप्तरीको शम्भुनाथ नगरपालिकाका मेयर जितेन्द्र प्रसाद गुप्तालाई नेकपा एकीकृत समाजवादीका उपमहासचिव जगरनाथ खतिवडाले कदरपत्रबाट सम्मान गर्दै । *तस्बिर : नवीन साप्ताहिक*

राजविराज/नेकपा एकीकृत समाजवादीका उपमहासचिव एवं प्रचार प्रसार विभाग प्रमुख जगरनाथ खतिवडाले नेकपा एमालेलाई छाडेर नेकपा एकीकृत समाजवादी गठन हुनुको मुख्य कारक तत्व केपी ओली भएको बताएका छन् ।

शनिबार राजविराजमा समाजवादी प्रेस संगठन नेपाल सप्तरीको प्रथम जिल्ला अधिवेशनको उद्घाटन गर्दै उनले सो कुरा बताएका हुन् ।

उनले केपी ओलीको स्वेच्छाचारी व्यवहार र कार्यशैलीका कारण उक्त पार्टीमा विभाजन भई नेकपा एकीकृत समाजवादीको उदय भएको बताए ।

उनले भने, "एमाले विभाजनलाई इमान्दार साथीहरुको विद्रोहको रुपमा लिनुपर्छ ।" उनले आफ्नो पार्टी बेइमानहरु बिरुद्ध संघर्ष गर्ने पार्टी भएको बताउँदै आफ्ना नेता कार्यकर्तालाई इमान्दार भएर अघि

बाँकी पाँच पृष्ठमा

भारतको बिहार राज्यका जलसंशाधन मन्त्रीलाई कोशी पीडितले बुझाए ज्ञापन

राजविराज/कोशी पीडितहरुले तीन पुस्ता बितिसक्दा पनि अझै मुआब्जा पाउन नसकेको भन्दै भारत बिहार राज्यका जलसंशाधन मन्त्री संजय झालाई ज्ञापनपत्र बुझाएका छन् ।

मुआब्जाका लागि दशकौं देखी संघर्षरत रहेका कोशी पीडितहरुले कोशीको तटबन्ध र संरचनाहरुको अवलोकनका लागि सप्तरी र सुनसरीको सीमा नाकामा पर्ने कोशी ब्यारेज आएका मन्त्री झालाई कोशी नदी कटान डुवान पीडित संघर्ष समितिका संयोजक महिदेव चौधरीसहितको टोलीले ज्ञापन पत्र बुझाएका हुन् ।

कोशी ब्यारेज निर्माणका क्रममा भारत सरकारले सर्वसाधरणको जग्गा अतिग्रहण गरेको भन्दै ६० वर्ष बितिसक्दा पनि आफूहरुले सम्झौताअनुसारको मुआब्जा पाउन नसकेको ज्ञापन पत्रमा उल्लेख गरिएको छ ।

ज्ञापनपत्र मार्फत २०७१ साल साउनमा भारतीय प्रधानमन्त्री

बाँकी पाँच पृष्ठमा

भर्ना खुल्यो भर्ना खुल्यो

"आत्मनिर्भरताका लागि प्राविधिक शिक्षा"

न्यूनतम शुल्कमा प्राविधिक शिक्षा अध्ययन गर्ने सुनौलो अवसर

CTEVT र राजविराज नगरपालिकाको संयुक्त साझेदारीमा संचालित बहुप्राविधिक शिक्षालय

राजविराज पोलिटेक्निक इन्स्टिच्युट

राजविराज, सप्तरी

आवेदन फारम भर्ने अन्तिम मिति २०७९ श्रावण २६ गते

SEE/SLC/TSLC पछि ३ वर्षे डिप्लोमा

सिभिल इन्जिनियरिङ्ग

जियोमेटिक्स(सर्भे) इन्जिनियरिङ्ग

प्रवेश परीक्षा दिन मिति २०७९ भाद्र ४ गते

कार्यालय: ०३१-५९००९०, ९८२९७८४७२३

प्रिन्सिपल: ९८१६६४५१६६

Email: info.rajbirajpolytechnic@gmail.com

भर्ना खुल्यो भर्ना खुल्यो

भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

V-JTA भेटनरी जे.टी.ए. १८ महिने

P-JTA बाली विज्ञान १८ महिने

हाम्रा बिशेषताहरु –

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७९/४/१२ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७९/४/२६
प्रवेश परिक्षा मिति : २०७९/५/६ गते बिहान ८ बजे

जगदम्बा मेडिकल इन्स्टिच्यूट

राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक

फोन नं. ०३१-५२१४७८

मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

भर्ना खुल्यो । भर्ना खुल्यो ॥

विगत १४ वर्ष देखी संचालन हुदै आएको

ओभरसियरी क्याम्पस

(CTEVT बाट मान्यता प्राप्त)

डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग

(३ वर्षे)

न्यूनतम योग्यता : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षामा अनिवार्य-गणित र विज्ञान विषयमा C ग्रेड र अंग्रेजीमा न्यूनतम D+ ग्रेड, प्राप्तसम्म वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फारम भर्न पाउने छ ।

फारम भर्ने अन्तिम मिति : २०७९ श्रावण २६ गते सम्म ।

सम्पर्क :

सफटेक इन्जिनियरिङ्ग कलेज

रुपनी रोड, राजविराज-८ (सप्तरी)

फोन नं.-०३१-५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

सम्पादकीय

सहयोग गर्नेतर्फ उत्प्रेरित होऔं

कुनै पनि व्यक्तिलाई गरिब र धनी उसको आर्थिक अवस्थाले छुट्याइने गरिन्छ। गरिब हुनु कुनै मानिसको दोष होइन्। जुनसुकै पनि मानिसले सकेसम्म धन आर्जन गर्न महिनेत गर्नेगर्छन। गरिब भएकै कारण आर्थिक अवस्था कमजोर हुनु स्वभाविक हो। कसैको आर्थिक अवस्था भने उसको काम र महिनेतले नै निर्धारण गर्दछ। जति महिनेत गऱ्यो उति मानिस सबल हुँदै जान्छ।

मानिस भएर जन्म लिएपछि उसले धर्तीमा आफ्नो कर्तव्य निष्ठापूर्वक गर्नुपर्ने हुन्छ। मानविय नाताले कुनै गरिबलाई सहयोग गर्नु मानवताको धर्म पनि हो। गरिब भएकै कारण उपचार गर्न नसकेर मृत्युवरण हुनुपर्छ भन्ने कुरालाई हामीले मनन् गर्नु आवश्यक छ।

गरिब, असहाय तथा अतिविपन्न जनताहरुप्रति सहयोग गर्ने भावना अहिले पनि थोरै मात्रामा रहेको छ। तसर्थ कसैलाई सहयोग गर्नु मानवताको धर्म भएकोले यसलाई मनन् गरि सहयोग गर्नेतर्फ उत्प्रेरित हुन अग्रसर होऔं।

आत्महत्या रोकथाम वा व्यवस्थापनका उपायहरु

सरस्वती मिश्र

आफूले आफैलाई मार्ने वा समाप्त पार्ने उदेश्यले गरिने कार्यलाई आत्महत्या भनिन्छ। भरखरैमात्र एसइइको नतिजा प्रकाशित भएको छ। गत वर्षहरुमा पनि एसइइको नतिजा प्रकाशनपश्चात धेरै किशोरकिशोरीहरुले आत्महत्याको बाटो रोजेको घटनाहरु बहिरीएका थिए।

नेपालको विद्दमान शैक्षिक मुल्याङकन पद्धति, परिवारको शिक्षाप्रतिको दृष्टिकोण, पारिवारिक दवाव, उच्च महत्वकांक्षा जस्ता प्रथमिक कारणहरु जसले गर्दा भविष्यका कर्णधार किशोरकिशोरीहरुले ज्यान गुमाउन पुगेका छन्।

सामाजिक संञ्जालमा मेरो छोरा, छोरी, भान्जा, भान्जी, भतिजा, भतिजी आदी इत्यादीले यो ग्रेड अथवा जी.पी.ए. प्राप्त गरकोमा बधाई भनेर प्राप्ताङकसहित हालेका पोष्टहरुले कम ग्रेड अथवा जी.पी.ए. प्राप्त गरेका किशोरकिशोरी साथै उनीहरुको परिवारले कस्तो महशुस गर्दछन् भनेर अन्दाजा लगाउन सकिन्छ।

कुनैपनि घटना घटेपश्चात व्यतिले उक्त घटनाप्रति ३ प्रकारले प्रतिकृया दिने गर्दछ। समस्यासँगं जुध्ने, समस्याबाट भाग्ने र कनै प्रतिक्रिया नदेखाउन यी तीन तरिकाबाट व्यतिले घटनाप्रति प्रतिकृया देखाउंछ।

आत्महत्याको कारण तथा जोखिमहरु

- बालबालिकाहरुको रुची, चाख र क्षमता भन्दापनि परिवारको दबाबका आधारमा कुन विषय पढ्ने भन्ने कुराको निर्णय गरिंदा बालबालिका/किशोरकिशोरिहरुको मनोविज्ञानमा नकारात्मक असर पर्दछ।
- विद्दार्थीको क्षमतालाई मुल्याङकन गरिने आधार वा पद्दति उपयुक्त नहदा पनि किशोरकिशोरि/बालबालिकाहरुले आत्महत्याजस्तो जघन्य अपराधलाई मृत्युकोरुपमा अगाल्न बाध्य हुन पुग्छन्।
- पहिलापनि आत्महत्याको प्रयास गरेको,मानसिक स्वास्थ्य समस्या जस्तै उदाशिनताको समस्या भएको
- नजिकको आफन्त, प्रियव्यक्ति गुमाउनु वा द्वन्द हुनु
- शारीरिक वा मानसिक हिंसा वा दुर्ववहारको शिकार भएको
- लागुपदार्थ वा मध्यपानको समस्यामा परेको
- इच्छाविपरित गर्भवति हुनुपरेको
- नजिकको साथीले आत्महत्या गरेको सुन्नु वा देख्नु
- आफ्नो लिङग वा पहिचानमा अनिश्चतता हुनु
- पारिवारिक विखण्डन,झैझगडा तथा घरायसी वातावरण अस्तव्यस्त हुनु

आत्महत्याको लक्षणहरु

- आत्महत्याको सोचाई वारम्वार आईरहनु, योजना बनाउनु
- आत्महत्या गर्न प्रयोग गरिने साधनहरु जस्तै डोरी, विषादी, हतियार किनेर वा संकलन गरेर राख्नु
- सामाजिक व्यवहारबाट टाढिनु जस्तै विवाह, पुजा जस्ता सामाजिक क्रियाकलापमा संलग्न नहुनु
- निरासावादी सोचाईहरु आईरहनु
- विनाकारण एकैछिनमा खुसीलाग्नु वा दुखलाग्नु
- मध्यपान तथा लागुऔषध सेवनमा वृद्धि
- सामान्य दैनिकीमा परिवर्तन हन जस्तै खाने सुत्ने समय, सरसफाई,रुची वा चाख
- नजिकका आफन्त वा साथीभाईहरुसँगं विदावारि हुनु

आत्महत्या रोकथाम वा व्यवस्थापनका उपायहरु

- आफ्ना नानीबाबुहरुलाई छरछिमेक, आफन्त नातागोताका व्यक्तिहरुका नानीबाबुहरु सँग तुलना गर्ने परिपाटीलाई अन्त्य गर्नसके केहीहदसम्म भएपनि आत्महत्याको जोखिमलाई कम गर्न सकिन्छ।
- जग बलियो भएमात्र घर बलियो बनाउन सकिन्छ भन्ने उक्तिलाई चरितार्थक पार्ने हो भने बालबालिकाहरुलाई सैद्धान्तिक शिक्षा सगंसगै व्यवहारिक शिक्षामा जोडदिन सकेपनि आत्महत्याको जोखिमलाई न्युनीकरण गर्न सकिन्छ।
- कलिला बालबालिका तथा किशोरकिशोरिहरुको मानसिकतामा नकारात्मक असर पर्ने व्यवहार जस्तै दवाव, धम्की, यातनालाई न्यनीकरण/समाप्त गर्न जरुरी देखिन्छ।
-सही अनुशासन र व्यवहार सिकाउन सकेमात्र हाम्रा कलिला नानीबाबुहरुले समस्यासगं सामना गर्ने सिप सिक्न सक्दछन् न कि समस्यादेखि भाग्ने। (मिश्र मनोविद हुन्।) स्वास्थ्य खबरबाट

जिल्ला अदालतको ४८ प्रतिशत मुद्दा फर्छ्यौट

राजविराज/सप्तरी जिल्ला अदालतले ४८ प्रतिशत मुद्दा फर्छ्यौट गरेको जनाएको छ। अदालतले सरेर तथा नयाँ दर्ता भएको मुद्दाका गरी उक्त संख्यामा फर्छ्यौट भएको जनाएको छ।

आर्थिक वर्ष २०७८/०८९ मा सरेर आएका ४ हजार ३ सय ९६ र नयाँ दर्ता भएका ४ हजार ३ सय २ गरी कुल ८ हजार ६ सय ९८ मध्ये ४ हजार १ सय ३२ मुद्दा फर्छ्यौट गरेको अदालतका सुचना अधिकारी भरतमणी पोखरेलले जानकारी दिएका छन्।

उनका अनुसार उक्त आर्थिक वर्षमा ४ हजार ५ सय ६६ मुद्दा फर्छ्यौट गर्न बाँकि देखिएका मुद्दा चालु आर्थिक वर्ष २०७९/०८० का लागी सरेर आएको छ।

कोरोना माहामारी, स्थानीयतहको निर्वाचन लगायतका विविध कारणले लक्ष्य प्राप्त हुन नसकेको सुचना अधिकारी पोखरेलले बताए। यद्धपी लक्ष्य प्राप्ती कठीन भएपनि उपलब्ध साधन श्रोत र जनशक्तीको उच्चतम प्रयोग गरी मुद्दा फर्छ्यौट प्रतिशत संतोषजनक अवस्थामा नै पुऱ्याएको उनको तर्क छ।

उनले चालु आर्थिक वर्षमा सरेर आएका मुद्दालाई समय मै फर्छ्यौट गर्न विभिन्न कार्ययोजना बनाएको जानकारी समेत दिए।

न्यायीक गतीवीधी सरल सहज र व्यवस्थीत बनाउन अदालत परिसरमै सुचना तथा सहयोग कक्षको स्थापना र विचौलिया प्रवेश निषेध लगायतका अदालत प्रशासन र न्याय प्रणालीमा सुधारका लागी पनि विभिन्न कार्ययोजना तयार पारिएको अदालतले जनाएको छ।

सूचना। सूचना॥ सूचना॥।

कान पाकेको रोगीका लागि सुवर्ण अवसर

२०७९ भदौं १९ गतेदेखी २२ गतेसम्म इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र राजविराजको आयोजनामा टिचिङ हस्पिटल काठमाडौंका नाक, कान, घाँटी रोग विभागका विशेषज्ञ डाक्टरहरुद्वारा कानको शल्यक्रिया शिविर हुन गइरहेको व्यहोरा सेवाग्रहीहरुमा जानकारी गराइन्छ। तसर्थ कान पाकेका रोगीहरु समयमा आफ्नो कानको जाँच गराई मौकाको फाइदा उठाउनुहुन अनुरोध छ।

शल्यक्रिया हुने स्थान : प्राथमिक कान उपचार केन्द्र राजविराज ९, मलेठ, सप्तरी (सगरमाथा चौधरी आँखा उपचार केन्द्रको प्राङ्गनमा)

सम्पर्क नं. ०३१-५९०००५

नरेश कुमार यादव : ९८०४७४२२८०, ९७४२२७०७८४

आयोजक

IMPACT Nepal इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र राजविराज ९, मलेठ, सप्तरी

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह

Dr. Saroj Kumar Sah

MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288

हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव

Dr. Kali Prasad Yadav

MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203

कन्सलटेन्ट फिजिसियन

मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव

Dr. Jayanti Yadav

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC No. : 15312

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

सरकार, हामीले नागरिकता कहिले पाउने ?

कल्पना नेपाल आचार्य

गरिबीले थलिएको मेरो परिवार, दूरदराजमा हुर्केकी म भूइँमान्छे । बाबुले रक्सी पिएर रातदिन आमालाई पिट्ने, दुर्व्यवहार गर्ने, पटक पटक घरबाट निकाल्ने गर्दथे । आमालाई ज्यानै जोगाउन गाह्रो थियो । एकातिर बाउको पिटाई, घरेलु हिंसा, दुर्व्यवहार र मानसिक पीडाले मेरी आमालाई सधैँ पिरोलिरहन्थ्यो भने अर्कोतिर वर्षौंटे जन्मिएका दाइ र मलाई के खुवाएर हुर्काउने भन्ने धेरै चिन्ता थियो ।

अन्ततः आमाले सधैंको हिंसा सहेर बस्नुभन्दा घरै छोडी हिँड्ने निधो गरिन् । आमाले एकदिन भालेको डाँकोसँगै झिसमिसेमा मलाई र दाइलाई लिएर घर सदाका लागि छोडिन् । तीन पेट पाल्नकै लागि हजारौँ सपना बुनेर सहर पसेकी मेरी आमा एकदिन भिख माग्दै जाँदा ठूलो घरका मालिकले उमेर त निकै बाँकी छ त, किन माग्न हिँडेकी ? केही काम पाएमा काम गर्ने हो ? भन्दै प्रश्न गरे ।

'काम पाए त गर्ने थिए नि । बरु काम के होला ?' आमाले मधुर स्वरमा कुरा राखिन् । 'मेरो घरमा भाडा माझ्ने, पोछा लगाउने, लुगा धुने काम हो । महिनाको दश हजार दिन्छु ।' आमालाई प्रस्ताव आयो ।

खुशी हुँदै 'धन्य प्रभु' भन्दै आँखाबाट अश्रु खसाली सहस्र स्वीकारिन् आमाले काम । त्यस दिन मेरी आमालाई जीवनमा सबैभन्दा ठूलो खुशी मिलेको थियो । महिना भरी काम गरी थापेको पैसाले हामीहरुको पेटपूजालाई ठिक्क हुन्थ्यो । एउटा सानो टहरामा हाम्रो बसाइँ थियो । केही समयपछि आमाले अरु पनि दुई चार घरमा भाँडा माझ्ने, पोछा लगाउने लुगा धुने काम गर्न थालिन् । केही पैसा बचत हुन थाल्यो । मेरी आमालाई आफ्ना सन्तानलाई स्कूल पठाउने ठूलो रहर जाग्न थाल्यो ।

दाइ र मेरो विद्यालय जाने समय ढल्दै गइरहेको थियो । आमाले नजिकैको सरकारी विद्यालयमा हामीलाई भर्ना गर्ने निधो गरिन् । भर्ना हुनका लागि जन्म दर्ता चाहिने भयो । तर, आमासँग जन्म दर्ता थिएन । मैले आमासँग साँझमा खाना खाँदै गर्दा मेरो बाबा र घरबारे जान्न धेरै प्रश्न तेर्स्याए । बाबा कहाँ हुनुहुन्छ ? हाम्रो घर आफन्त कोही छैन ? किन हाम्रो जन्म दर्ता नभएको ? आमाले अँध्यारो मुख लगाएर मतिर हेरी मात्र रहिन्, जवाफ नै दिइनन् । केही बेरमा ठूलो स्वरमा 'तिम्रो बाबा, घरपरिवार, आफन्त भन्ने कोही पनि छैन । सबै मरिसके' भन्दै जवाफ दिइन् ।

मेलापात गर्दा जन्मेका हामी, जन्म दर्ता गर्नु पर्दछ भन्ने आमालाई थाहा भएन । फेरी नपढेकी, गरीब परिवारमा जन्मिएकी, हजुरआमाको मृत्यु भएपछि मेरी आमालाई सौतेनी आमाले धेरै हेला गरेर, पिटेर दश वर्षको उमेरमा घरबाट निकाले । सडकमा पुगेकी मेरी आमा भौतारिदै जाँदा एक बाटो बनाउने कामदारसँग प्रेममा परिन् । सँगै बाँच्ने सँगै मर्ने सपना देखाएर आमालाई श्रीमती बनाएर राखे । समयसँगै म र मेरो दाइको जन्म भयो ।

जब आमाको रुप र यौवन घट्दै गयो, बाले अर्कै केटीसँग प्रेम गरी आमालाई हेला गर्न थाले । यति भन्दै आमा सुँक्कसुँक्क गरी पछ्यौराको सप्कोले आँसु पुछिरहिन् । आमाको बोली बन्द भयो । घर छोड्दा खेरीको समय मलाई पनि धमिलो याद छ । बाले आमालाई विना कारण रक्सी खाएर निकै गाली गर्ने, पिट्ने गर्थे । न त आमाको बिहे दर्ता नै भयो, न त नागरिकता नै बन्यो । आमालाई बाको घर ठेगाना पनि थाहा भएन । आमा एकाएक पहिचानविहीन हुन पुगिन् ।

दुःखको भुमरीबाट रोडमा बेवारिसे भएकी मेरी आमाको कोही आफन्त थिएनन् । भाग्यले ठगिएकी आमाको पहिचान नै भएन । ए सरकार, मेरी आमा तिम्रो देशको नागरिक होइन ? उनलाई पहिचान दिलाउने के तिम्रो धर्म होइन ? हामी जस्ता बेसहारा, पहिचान, आवाजविहीनलाई आवाज भर्ने तिम्रो कर्तव्य होइन ? तिमी हाम्रो अभिभावक होइनौ ? हामीले के नै बिगारेका थियौ र ? दाइ र म पनि पहिचानविहीन बन्न पुग्यौ ।

सडकमा भेटिएका सहाराविहीनहरुको कथा हो यो । त्यस्तै पीडा यो कथा सुनाउने उनको साथीको पनि छ । गरिबी, पछौटेपन, दूरदराजमा हुर्किएकी उनकी आमा जुनेली । उनलाई नागरिकता बनाउनु पर्छ भन्ने सम्मको ज्ञान छैन । बा, आमाको समेत नागरिकता नभएको । बा र आमाको मृत्युपश्चात गाउँमा आफन्त भन्ने कोही नभएको । गरी खाने खेतबारी नभएको, मात्र झुपडीमा बस्ने अनि दिनभरी काम गरी कमाएको पैसाले साँझ विहानको छाक टार्ने काम । सधैँ भोलि के खाने भन्ने चिन्ता हुन्छ ।

एक दिनको कुरा हो, उनको गाउँमा एक अपरिचित व्यक्तिको आगमन हुन्छ । उसकी आमा जुनेलीको जवानीमा आँखा गाड्दै सहरमा जागिर लगाइदिने आश्वासन दिन्छ । प्रशस्त पैसा कमाउन सकिने सपना देखाउँछ अनि गाउँबाट भगाएर लैजान्छ । काठमाडौं जस्तो ठूलो सहरमा गर्भवती बनाएर उल्टै अलपत्र पारेर भाग्छ । उ कहिल्यै फर्केर आउँदैन ।

समय बित्दै गयो । जुनेलीले बच्चा जन्माइन् । उनलाई पतिको घर ठेगाना

कहाँ हो, के गर्छ ? केही थाहा हुँदैन । आफ्नो भन्ने सबै गुमाएकी उसकी आमाको जाने ठाउँ पनि कहीँ हुँदैन । बेरोजगार कहीँ कतै काम पाइँदैन । पछिल्लो पटक उनी जुन होटेलमा थिइन्, श्रीमान्ले त्यही होटेलमा केही पैसामा बेचेर हिँडेको रहेछ । समयसगैँ होटेल मालिकले यौन व्यवसायमा काम गर्न बाध्य बनाएछ । नर्कबाट निस्केर जानका लागि सहारा कोही हुँदैन । आफ्नो र बच्चाको पहिचानका लागि सरकारसँग भीख मागी रहेकी छिन् ।

सरकार, यी त प्रतिनिधि पात्र मात्र हुन् । आज हजारौ नागरिक पहिचानविहीन भएर बाँच्न बाध्य छन् । यसतर्फ कसको ध्यान जाने ? तिनका लागि बनेका राष्ट्रिय कानूनहरु नेपालको संविधान भाग २ को धारा १० ले कुनैपनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बन्चित नगरिने लगायतका व्यवस्था गरेको छ ।

नेपाल नागरिकता ऐन, २०६३ मा भएको नागरिकता प्राप्ति सम्बन्धि व्यवस्था, अन्तर्राष्ट्रिय कानून मानव अधिकारको विश्वव्यापी घोषणा १९४८ को धारा १५, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा २४, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९ को धारा ९, बालअधिकारको विश्वव्यापी घोषणा १९८९ को धारा ७, मानव अधिकार सम्बन्धि अमेरिकी अभिसन्धि १९६९ को धारा २० लगायतका दर्जनौ कानूनहरु र संघसंस्थाहरू क्रियाशील रहेता पनि हजारौ आमाको पहिचान, राष्ट्रियतालाई सम्बोधन गर्न सहयोगी बन्न सकेन ।

माथिको कथा सुनाउने बहिनी भन्छिन्, म र मेरो दाई, मेरो साथी पनि पहिचानविहीन भएकै कारण शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षाको हक, बालबालिकाको हकबाट बन्चित हुन पुगेका छौँ । सरकार, हामी तिम्रा सन्तान होइनौ ? के हामीलाई नेपाली भनी गर्वका साथ छाती खोलेर बाँच्न पाउने अधिकार छैन ? कहाँ छ सरकार, अधिकार सहितको लोकतन्त्र ? हामीजस्ता पहिचानविहीनहरुले सरकारको अनुभूति गर्नै पाएनौ । भर्खरै मात्र नागरिकता विधेयक पास भएको छ । यसले चहराइरहेको पहिचानविहीन घाउमा मलम लगाउँछ कि भन्ने झिनो आशा छ ।

आवाजविहीनका लागि बनेका कानून, संयन्त्र, संघ, संस्था, भूइँतहका व्यक्तिहरुले सरकारको अनुभूति कहिले गर्न पाउने ? आज हजारौ नेपालीहरु आफ्नो राष्ट्रियताबाट वन्चित भएको देख्दा पंक्तिकारलाई पनि निकै पीडाबोध भइरहेको छ । तीन तहको सरकारले छिट्टै आवाजविहीनहरुको खण्डीकृत तथ्याङ्क अद्यावधि गरी पहिचानविहीनहरुको गुनासो, पीडाको सम्बोधन गरेको देख्ने रहर छ ।

जसले पुर्खौंदेखि यही माटोमा पसिना बगाए, हरेक माटोको कण कणमा उसको मायाको स्पर्श, देशभक्तिको प्रेमसहितको रगत लतपतिएको छ । मुटु माझ देशकै नक्सा नमेटिने गरी कोरिएको छ । सरकार ती भुइँतहका पहिचान, पहुँच र आवाजविहीन भएका हरेक व्यक्तिहरुले गर्वका साथ म नेपाली, मेरो देश नेपाल भनी बाँच्न पाउने वातावरण सुनिश्चित गरी राज्यको दायित्व पुरा गर्नु गराउनु आजको आवश्यकता हो । लेखक राष्ट्रिय मानव अधिकार आयोगमा अधिकृत छन् । रातोपाटीबाट

मंसिर ४ गते प्रतिनिधिसभा र प्रदेशसभाको आम निर्वाचन

काठमडौं/आगामी मंसिर ४ गते प्रतिनिधिसभा र प्रदेशसभाको आम निर्वाचन एकै चरणमा गर्ने सरकारले निर्णय गरेको छ ।

मन्त्रिपरिषदको बिहीबार बसेको बैठकले सो निर्णय गरेको प्रधानमन्त्री शेरबहादुर देउवाका प्रेस प्रमुख गोविन्द परियारले जानकारी दिएका छन् ।

निर्वाचन आयोगको प्रस्ताव समेतको आधारमा नेपाल सरकार मन्त्रिपरिषदको बिहीबारको बैठकले सो निर्णय गरेको हो ।

खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

शिक्षामा स्थानीय सरकारको अलमल

शिवराम पौडेल

नेपालको संविधान २०७२ ले नेपालमा संघीय व्यवस्था कार्यान्वयनमा ल्याएपछि अहिले यहाँ संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारहरु छन् । संविधानद्वारा नै सबैका लागि आ-आफ्नो काम कर्तव्य र अधिकार प्रत्याभूत गरिएको छ । संविधानको अनुसूची ८ मा निर्दिष्ट गरिएका २२ ओटा स्थानीय तहको अधिकारमध्ये ८ नं बुँदाले आधारभूत र माध्यमिक शिक्षासम्बन्धी अधिकार स्थानीय तहलाई प्रत्याभूत गरेको छ ।

त्यसै गरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को 'ज' मा स्थानीय तहका शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकारको सूची उल्लेख गरिएको छ । जसमा शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, संरक्षण, सम्वर्द्धन, स्तरीकरण, अनुमति, नामकरण, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने जस्ता २३ ओटा अधिकार र कर्तव्य रहेका छन् ।

त्यस्तै, शिक्षा ऐनको दफा १२ ले पनि विद्यालय व्यवस्थापन समितिमा सम्बन्धित वडाको वडाध्यक्ष सदस्यको रूपमा रहने व्यवस्थाले शिक्षामा स्थानीय जनप्रतिनिधिको सोझो संलग्नताको लागि अभिप्रेरित गरेको छ । यस अर्थमा यो बुझ्न सकिन्छ कि माध्यमिक तह सम्मको शिक्षा स्थानीय तहको प्रभावबाट अछुतो रहन कदापि सक्दैन ।

यो आलेखमा के स्थानीय तहले आफूले प्राप्त अभूतपूर्व जिम्मेवारी र अधिकारको प्रयोग उचित ढंगले गरेका छन् त ? भन्ने आशंका व्यक्त गरिएको छ । साथै अझै पनि शिक्षा क्षेत्र सुधारका लागि आशा गरिएका लक्षण देखा नपर्नुका पछाडि लुकेका केही कारण केलाउने कोशिश गरिएको छ ।

कानूनको खाडल

संविधानको अनुसूची ८ मा स्थानीय तहलाई आधारभूत र माध्यमिक शिक्षाको अधिकार प्रत्यायोजन गरेको छ भने सोही अधिकारको प्रयोग गर्न संविधानको धारा ५७ मा गाउँसभा वा नगरसभाले कानून बनाउन पाउने कुरा उल्लेख छ । यतिमात्र नभएर संविधानको अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकार सूची अन्तर्गत पनि "शिक्षा, खेलकुद र पत्रपत्रिका" सम्बन्धित अधिकार सूचीकृत गरिएको छ ।

यसरी राज्यले शिक्षासम्बन्धी अधिकार तीनवटै तहको साझा अधिकारभित्र पनि समावेश गरेको देखिन्छ । उक्त अधिकारको प्रयोग गर्न संघ, प्रदेश र स्थानीय तहले एकापसमा सहकार्य गरी नबाझिने गरी कानून बनाउनु पर्दछ । तर विडम्बना संविधानद्वारा प्रदान गरिएका अधिकार बाँडफाँट र समुचित प्रयोग गर्न आवश्यक नियम र ऐन अझै बन्न सकेको छैन । हालसम्म पनि २०२८ सालमै बनेको शिक्षा ऐन प्रचलनमा छ ।

स्थानीय तहले स्थानीय सरकार संचालन ऐन २०७४ मा उल्लेख भएका शिक्षासम्बन्धी अधिकारको प्रयोग गर्नको लागि पालिका सभाबाट कानूनको तर्जुमा गर्न सक्छन् । धेरैजसो स्थानीय तहले सो काम गरेको पनि पाइन्छ । यसै बीचमा संघीय शिक्षा ऐन को अभाव हुँदा हुँदै पनि स्थानीय तहले कुनै समन्वय नगरी कानून बनाई लागु गर्दा अन्य कानूनसँग बाझिने सम्भावना विद्यमान छ । त्यसैले होला, संघीय सरकारले यसरी कानून बनाउन २०७५ सालमा रोक लगाएको थियो ।

विगतका नजिरलाई हेर्दा स्थानीय तहले आफूले बनाएको कानून पनि विवादित हुने गरेको देखिन्छ । यसको एउटा उदाहरण शिक्षक दरबन्दी मिलानको क्रममा सरुवा गर्दा कतै अदालतले निर्णय उल्ट्याइदिएको समाचार केही समय पहिले पढ्न पाइएको थियो । दरबन्दी मिलान कार्यमा स्वयम् शिक्षक र नेपाल शिक्षक महासंघको विरोधका आवाजहरू सुनिएका छन् ।

स्थानीय तहमा शिक्षक सरुवा गर्दा मनपरी गरेको र नियमसंगत निष्पक्ष नभएको भन्ने पीडित शिक्षकहरुको आवाज सुनिन्छ । कतिपय अवस्थामा शिक्षकहरु संघीय सरकारअन्तर्गत रहेको र स्थानीय तहले उनीहरुको सरुवा, बढुवा लगायतमा अनावश्यक हस्तक्षेप गर्न नहुने भन्ने राय पनि सुनिँदै आएको छ । अनुसूची ९ को अधिकारको सम्बन्धमा पनि प्रष्ट व्याख्या अझैसम्म नगरिनु पनि यस्ता समस्या उब्जाउने मुख्य कारण बनेको छ । यसो हुनुको पछाडि कानूनको खाडल नै मुख्य कारण हो ।

आर्थिक स्रोतको प्रयोग

राज्यले शिक्षामा गर्ने गरेको लगानी निकै थोरै भएको र कम्तिमा २० प्रतिशत पुर्याउनुपर्ने भन्ने आवाज सुनिन्छ । तर अहिलेसम्मको प्रचलन हेर्दा १०-११ प्रतिशतभन्दा बढी पुगेको देखिएको छैन । सो प्रतिशतको पनि धेरैजसो भाग शिक्षा क्षेत्रको विकास भन्दापनि शिक्षक कर्मचारीको तलब, भत्तामै खर्च हुन्छ ।

यसरी राज्यले प्रदान गर्ने आर्थिक स्रोत अपुग हुँदाहुँदै पनि स्थानीय तहले आफ्नो केही आम्दानी र संघीय बजेट जोडेर शिक्षामा लगानी गर्ने सम्भावना र अवसर भने रहन्छ । कतिपय पालिकाले उक्त उपाय लागु गरी शिक्षामा परिवर्तन गर्न सुरुवात गरेको देखिन्छ ।

तर, सबै ठाउँमा आहा, भैदिएको भए सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि लाजमर्दो हुने थिएन । स्थानीय सरकार केही नजिक भएकै कारण बाध्यतावश केही लगानी गरेको जस्तो देखिन्छ । तर उक्त लगानी गुणस्तर अभिवृद्धि गर्ने वा दीर्घकालीन उपलब्धि प्राप्त गर्ने सोचले भन्दा पनि सामान्य लोकप्रियता र आफ्नै अभिष्ट पुरा गर्ने नियतले छिरोलिएको पाइन्छ ।

साथै स्थानीय तहले गर्ने अपरिपक्व निर्णय, राजनीतिक दाउपेच, शिक्षकहरुप्रति हेयको दृष्टि र सुधारको नाममा गरिने भ्रस्टाचार आदि कारणले पनि शिक्षामा लगानी बालुवामा पानी हालेसरह भएको छ । यसको ज्वलन्त उदाहरण हुन्, शिक्षक-कर्मचारीको तालिमका नाउँमा हुने अनियमितता, शैक्षिक गुणस्तर सुधार गर्ने नाउँमा विना तयारी र अध्ययन अंग्रेजी माध्ययम लागु, जसका लागि निजी प्रकाशनका पाठ्यपुस्तक खरिद । त्यस्तै, पालिकास्तरीय कक्षा ८ को परीक्षाका लागि गरिने अनावश्यक खर्च, शिक्षक नियुक्तिका क्रममा लिने दिने भत्ता, परीक्षामा एकरुपता गराउने बहानामा गरेको अनुचित संलग्नता आदि ।

वास्तवमै बजेटको कमी भएतापनि उपलब्ध स्रोतको समुचित प्रयोग गर्न सके निश्चय नै शिक्षामा कायापलट हुनेछ । र, यो सम्भव स्थानीय तहको अग्रसरतामा नै हुनेछ ।

नीतिले निम्त्याएको राजनीति

संघीय संरचनामा स्थानीय तह हावी हुनु केही हदसम्म स्वाभाविक मान्न सकिन्छ । एकात्मक पद्दतिमा जिल्लाबाट हुने गरेका धेरैजसो कामकाजहरु अहिले पालिकाबाटै हुने गरेका छन् । जस्तै अनुगमन, व्यवस्थापन, आर्थिक सहयोग, शिक्षक कर्मचारीको तलब भत्ता निकासी, शिक्षक नियुक्ति र पदस्थापन, शिक्षक सरुवा, छात्रवृत्ति, तालिम आदि ।

यो अवस्थामा विद्यालयमा स्थानीय तहका जनप्रतिनिधिको प्रत्यक्ष संलग्नता र चासो रहने गरेको हुन्छ । यो राम्रो पक्ष हुँदाहुँदै पनि प्राप्त अधिकार र निकटताको दुरुपयोग गरी शिक्षामा काखा पाखा गरेको र अस्तव्यस्त गराएको घटना पनि हाम्रै वरपर देखिन्छ ।

शिक्षा ऐनको दफा १२ मा विद्यालय व्यवस्थापन समितिमा सम्बन्धित वडाको वडाध्यक्ष सदस्यको रूपमा रहने व्यवस्थाले शिक्षामा स्थानीय जनप्रतिनिधिको सोझो संलग्नताको लागि अभिप्रेरित गरेको छ । तर कतिपय ठाउँमा भने वडाध्यक्ष नै विद्यालय व्यवस्थापन समितिको अध्यक्ष रहिआएको देखिन्छ । जबकि वडाध्यक्ष राजनीतिक प्रक्रियाद्वारा चुनिएको हुन्छ । उसले स्वभावत: विद्यालय राजनीतिक उद्देश्य प्राप्तिको साधन बनाउने सम्भावना रहन्छ ।

त्यस्तै पालिका अध्यक्ष र उपाध्यक्षहरुको प्रत्यक्ष निगरानी र अनुचित संलग्नताले गर्दा शिक्षक नियुक्ति, सरुवा, भौतिक व्यवस्थापन आदिमा अनियमितता मौलाएको देख्न सकिन्छ । स्थानीय तहले बनाउन पाउने कानूनमा विशेषत: व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकको नियुक्ति जस्ता विषयमा आफूअनुकुल बनाएर लागु गर्ने गरेको पाइन्छ । यसले सोझै शिक्षामा राजनीति प्रयोग गरी अभिष्ट पुरा गर्ने ध्येय देखिन्छ ।

पालिकाको मपाईंत्व अधिकारको औचित्य त्यसको समुचित उपयोगमा निर्भर रहन्छ । अधिकार प्राप्त गर्नु आफैमा ठूलो कुरा होइन । तर, यसको उचित र सान्दर्भिक कार्यान्वयन गर्नु अति नै महत्वपूर्ण हुन्छ । निजी स्वार्थका लागि अधिकार दुरुपयोग गर्नु समस्त प्रणालीलाई नै घातक हुन सक्छ । केन्द्रीकृत शासन व्यवस्थामा केन्द्र सरकारको आँखा विद्यालयसम्म पुग्न सकेन तर अहिले भने विद्यालयको आँगनमै स्थानीय सरकार छ ।

इच्छाशक्ति भएमा स्थानीय तहहरूले शिक्षामा देखिएका बेथितिलाई दूर गर्न र जनतालाई गुणस्तरीय शिक्षा प्रदान गर्न अथाह प्रयास गर्न सक्छन् । तर, विडम्बना त्यस्ता सुखद समाचार भने निकै कम मात्रामा सुनिन्छ । कतिपय सामाजिक संजाल र पत्रपत्रिकामा स्थानीय तहले मनपरी निर्णय गर्ने गरेका सूचना र समाचार प्राप्त हुने गरेका छन् ।

सरकारले एक वर्ष भरिमा गरिने सार्वजनिक विदा सुरुवातमै राजपत्रमा प्रकाशित गर्दछ र सोहीअनुरुप योजना बनाउने गर्दछ । तर स्थानीय तह र प्रदेश सरकारहरु संघीयताको औचित्य मान्दै अति सामान्य कारण जस्तै गाउँ र नगरसभाको समापन, एकादशी, साना चाडपर्व, जात्रा आदि देखाउँदै सार्वजनिक विदा गर्ने गरेको सुनिन्छ ।

यस्तो स्थिति देखा पर्नुको पछाडि कानूनीलगायत सामाजिक, सांस्कृतिक आदि अड्चन विद्यमान होला । तर यस्तो प्रवृत्तिले देशको प्रशासनिक र आर्थिक गतिविधिमा एकरुपता नहुने र सेवा प्रवाहमा असर गर्ने गरेको देखिन्छ । संघीयताको सुन्दर पक्ष स्वायत्त शासन व्यवस्था हो । तर अधिकार छ भन्दैमा कुनै वर्गलाई खुसी पार्न अथवा सस्तो लोकप्रियताका लागि विदा दिने प्रचलनले शिक्षा क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव परेको छ ।

केही समय अगाडि संघीय सरकारले सातामा दुई दिन सार्वजनिक विदा दिने निर्णय गर्यो तर कतिपय स्थानीय तहले केन्द्रीय स्तरबाट प्राप्त निर्देशनको परिपालना गरेनन् । कतै वडा समितिको बैठक, कतै प्रधानाध्यापकको बैठक र कतै कार्यपालिकाको बैठकको निर्णय भन्दै मन्त्रिपरिषदको निर्णय नमान्न सर्कुलर जारी गरियो ।

यस्तै अवस्था कोभिड महामारीको समयमा पनि देख्न पाइयो । सार्वजनिक यातायात ठप्प भएको बेलामा टाढा टाढा रहेका शिक्षक-विद्यार्थीलाई एकाएक विद्यालय उपस्थित हुनुपर्ने सूचना पुग्यो । यसका साथै वैकल्पिक शिक्षा सम्बन्धमा प्रत्येक पालिकाले आआफ्नै हिसाबमा परिभाषित गरे । यस्तै यस्तै अन्य नियम कानून र निर्णयसँग बाझिने निर्णय गर्ने गरेकोले स्थानीय तहका जनप्रतिनिधिलाई 'छोटे राजा' भनी व्यङ्ग गर्ने गरेको पाइन्छ ।

अन्त्यमा, हालको अवस्थामा स्थानीय सरकारलाई जति अधिकार र अवसर दिइएको छ, त्यति नै जवाफदेही बन्नुपर्ने चुनौती पनि छ । कतै कतै स्थानीय तहको अधिकार संकुचन गर्ने अथवा कटौती गर्नुपर्ने भन्ने जस्ता आवाज पनि फाट्टफुट्ट सुनिन्छ । तर यस्तो प्रतिगामी सोच झनै हानिकारक हुन्छ । अब स्थानीय तहको भर पर्नुबाहेक अरु विकल्प छैन । शिक्षा क्षेत्र सुधारको विषयमा स्थानीय सरकार अझै संवेदनशील हुन आवश्यक छ । यसमा संघीय र प्रादेशिक सरकारले आवश्यक कानून समयमै निर्माण गरेर स्थानीय सरकारलाई सहयोग गर्नु पर्दछ । जलजला गाउँपालिका-७ पर्वतका लेखक पेशाले शिक्षक हुन् । रातोपाटीबाट

समाजसेवी दासलाई बैद्य-प्रकाश मानवअधिकार पुरस्कार

राजविराज/बैद्य-प्रकाश मानवअधिकार पुरस्कारबाट यस वर्ष समाजसेवी एवं पूर्व प्रधानाध्यापक हितनारायण लाल दास सम्मानित भएका छन् ।

बैद्य-प्रकाश मानवअधिकार पुरस्कार कोष सप्तरीद्वारा सोमबार आयोजित ३० औं प्रकाश स्मृति दिवसको अवसर दासलाई उक्त पुरस्कारबाट सम्मान गरेको हो ।

शिक्षा, समाजसेवा, शसक्तिकरण तथा समाज उत्थानमा र चेतना अभिबृद्धिमा योगदान पुऱ्याए वापत उनलाई सम्मानित गरिएको हो ।

कोषका संस्थापक बैजनाथ झाको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अतिथि राष्ट्रिय मानव अधिकार आयोगका सदस्य मिहिर ठाकुर तथा कार्यक्रमका विशिष्ठ अतिथि मधेश प्रदेशका आन्तरिक मामिला तथा संचार राज्य मन्त्री रुबी कर्णले संयुक्त रुपमा दोसल्ला, कदरपत्र तथा नगद पुरस्कारबाट दासलाई सम्मान गरे ।

लामो समयदेखी समाज उत्थानमा योगदान गरेका ७३ वर्षिय दासको उच्च मुल्याङ्कन गर्दै सो सम्मान गरिएको कोषका संस्थापक अध्यक्ष बैजनाथ झाले बताए ।

संस्थापक अध्यक्ष झाको अध्यक्षतामा आयोजित पुरस्कार बितरण तथा सम्मान समारोहमा मधेश प्रदेश मिडिया काउन्सीलका अध्यक्ष शिवहरिप्रसाद भट्टराई, मधेश प्रदेश नागरिक संघका अध्यक्ष शंकर सारदा, पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण देव, नागरिक समाजका अध्यक्ष थानसिंह भन्साली, प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम लगायतले शुभकामना दिएका थिए ।

करेन्ट लागेर गर्भवती महिलासहित तीनको मृत्यु

राजविराज/ट्युवेलमा जडान गरिएको पानी तान्ने मोटरमा करेन्ट लागेर सप्तरीमा एक महिलासहित तीन जनाको मृत्यु भएको छ ।

जिल्लाको कञ्चनरुप नगरपालिका ६ घोघनपुरकी २० वर्षिया अन्जली सरदार र उनका ४२ वर्षिय काका ससुरा सौदानन्दको बुधबार साँझ ज्यान गएको हो । अन्जली सात महिनाकी गर्भवति समेत रहेकी थिइन् ।

यस्तै मंगलबार पनि सप्तरीको राजगढ गाउँपालिका २ कमलपुरका ५६ वर्षिय शिवशंकर साहको आंगनमा रहेको टेयुवेलमा जडान गरिएको पानी तान्ने मोटरमा करेन्ट लागेर घटनास्थलमै मृत्यु भएको थियो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लले पछिल्लो दुइ दिनमा मात्रै करेन्ट लागेर तीन जनाको ज्यान जानु असावधानीको परिणाम भएको बताएका छन् ।

यसैबीच सप्तरीमा गत आर्थिक वर्ष र चालु आवको साउन महिनाको १९ गतेसम्म करेन्ट लागेर २ बालकसहित १५ जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार गत आर्थिक वर्ष २०७८/७९ मा करेन्ट लागेका ४० वटा घटना भएका छन् । जसमध्ये चार महिला, दुई बालक र ६ पुरुष गरि १२ जनाको मृत्यु भएको छ ।

गरगहनासहित दुई चोर पक्राउ

राजविराज/सप्तरीको बादेबरसाईन नगरपालिकाको व्यस्त बजारमा रहेको रुपेश ज्वेलर्सको सटरको ताल्चा तोडेर सुन चाँदीको गरगहना चोरी गरि फरार भएका दुई चोर पक्राउ परेका छन् ।

सप्तरीको खडक नगरपालिका ५ बस्ने १९ वर्षिय उपेन्द्र मण्डल र २४ वर्षिय जयराम मण्डललाई प्रहरीले पक्राउ गरेको हो ।

राजविराज वडा नं. ८ स्थित टेम्पो स्टेन्डबाट बिहीबार साँझ चोरीका सामानसहित पक्राउ परेका उनीहरुलाई शुक्रबार सप्तरी जिल्ला अदालतबाट चोरी कसुर मुद्दामा अनुसन्धानका लागि म्याद थप गराइएको प्रहरी उपरिक्षक अविनारायण काफ्लेले जानकारी दिए ।

प्रहरीले उनीहरुको साथबाट सुनको औठी एक, तिलहरी एक, फुली एक र चाँदीका पाउजु ११ जोड, बिच्छि १३, ब्रासलेट ६, राखी ६, पोते जडान ३ र एक हजार ८ सय ५० रुँपैया नगद बरामद गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

ज्वेलरी पसलका संचालक राजेश कुमार मिझारका अनुसार बुधबार मध्य रात चोरले सटरको ताल्चा फुटाई उक्त गरगहनाहरु चोरी गरेर लगेका थिए ।

जनमतका अध्यक्ष डा. राउत सप्तरी क्षेत्र नं. २ बाट चुनाव लड्ने

राजविराज/जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. सीके राउत आउँदो मंसिर ४ मा हुने प्रतिनिधिसभा निर्वाचनका लागि सप्तरी क्षेत्र नं. २ बाट उम्मेदवारी दिने भएका छन् ।

बिहीबार जनकपुरमा बसेको जनमत पार्टीको बैठकले सप्तरीको क्षेत्र नम्बर २ बाट प्रतिनीधीसभाको चुनाव लड्न डा. राउतलाई सुझाव दिएपछि

उनले पार्टीका नेता र कार्यकर्ताको सुझाव मानी सोही क्षेत्रबाट चुनाव लड्ने निर्णयमा पुगेको बताएका छन् ।

यसअघि २०७४ सालको प्रतिनीधीसभा निर्वाचनमा सप्तरी क्षेत्र नं. २ बाट जनता समाजवादी पार्टीका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादव निर्वाचित भएका थिए ।

यता जसपा अध्यक्ष यादवले आफु पुनः सोही क्षेत्रबाट लड्ने वा अन्य क्षेत्रबाट लड्ने हो भन्ने बारे अहिले टुङ्गो लागी नसकेको प्रतिक्रिया दिएका छन । उनले आफुलाई यस पटक सप्तरीको उक्त क्षेत्रका साथै मोरंग, सुनसरी, बारा, पर्सा र धनुषा लगायतका क्षेत्रबाट समेत चुनाव लड्न नेता कार्यकर्ताहरुले निकै दवाव दिन थालेको बताउँदो केही दिनमा यसबारे निर्णय लिने जानकारी दिए ।

यसरी दुबै पार्टीका राष्ट्रिय अध्यक्ष एउटै क्षेत्रबाट उम्मेदवार बन्ने भएपछि अहिले सप्तरीको राजनीति क्षेत्रमा एउटा नयाँ तरङ्ग उत्पन्न भएको छ ।

दुबै जना प्रतिनीधीसभा निर्वाचन क्षेत्र नम्बर २ मा पर्ने महादेवा गाउँपालिकाका वासिन्दा हुन् । जसपा अध्यक्ष यादव महादेवा वडा नं. ५ मझौरा र जनमतका अध्यक्ष डा. राउत वडा नं. २ महादेवा टोलका बासिन्दा हुन् ।

हालै सम्पन्न स्थानीयतहको निर्वाचनमा उक्त क्षेत्रमा पर्ने ४ पालिका मध्ये २ पालिकामा लोसपा र १/१ पालिकामा काँग्रेस र जसपाले जित हात पारेको छ । महादेवा गाउँपालिकाका अध्यक्ष पदमा भने लोसपाले जित हात पारेको छ भने वडा नं. २ मा जनमत पार्टीले वडाअध्यक्ष सहित सबै पद जितेको छ ।

प्रतिनीधीसभा क्षेत्र नम्बर २ मा राजविराज नगरपालिका, छिन्नमस्ता गाउँपालिका, महादेवा गाउपालिकाको २ वटा वडा र तिलाठीकोइलाडी गाउँपालिका गरी ४ पालिका पर्दछन ।

१८ पालिका रहेको सप्तरीमा हालै सम्पन्न स्थानीयतहको निर्वाचनमा नेपाली काँग्रेस ५ पालिका, जसपा, लोसपा, एमालेले ३/३ जनमत २ तथा नेकपा माओवादी केन्द्र र नेकपा एकिकृत समाजवादीले १/१ पालिका जितेका छन् ।

भारतको बिहार ...

नरेन्द्र मोदी नेपाल आएका बेला दुई देशका प्रधानमन्त्रीबीच कोशीको समस्या चाडै समाधान गर्ने सहमति भएपनि त्यो अहिलेसम्म कार्यान्वयनमा आउन नसकेको स्मरण गराइएको छ ।

ज्ञापनपत्रमा यसअघि २०१२ साल जेठ १५ गते भारतको नयाँ दिल्लीमा समेत नेपाल र भारत सरकारका मन्त्रीस्तरिय संयुक्त बैठकमा कोशी कटानमा परेका जग्गाको मुआब्जा दिने सहमति भएपनि हालसम्म कार्यान्वयन नभएकोले आफूहरु थप पीडित बन्दै गएको उल्लेख छ ।

संघर्ष समितिका अध्यक्ष चौधरीसहित कोशी पीडित काशिम अंसारी, नागेन्द्र झा, दुर्गानन्द चौधरीलगायत सयौंको संखयामा सहभागि टोलीद्वारा बुझाइएको ज्ञापन बडो चाखमानेर अध्ययन गरेका मन्त्री झाले आफू यसबारे गम्भिरताका साथ पहल गर्ने आश्वासन दिएका थिए ।

ओली कै कारण ...

बढ्न सुझाव पनि दिए ।

पार्टीबाट निर्वाचित जनप्रतिनिधिहरुलाई इमान्दारीका साथ जनताको मन जित्ने काममा लाग्न उनले आग्रह समेत गरे ।

कार्यक्रममा हालै सम्पन्न स्थानिय तहको निर्वाचनमा नेकपा एकीकृत समाजवादीको तर्फबाट विभिन्न स्थानिय तहमा निर्वाचित भएकाहरुलाई प्रमुख अतिथि खतिवडाले कदरपत्रबाट सम्मान गरे ।

समाजवादी प्रेस संगठनका जिल्ला अध्यक्ष अनिल पोखरेलको अध्यक्षतामा आयोजित अधिवेशन उद्घाटन समारोहमा नेकपा एकीकृत समाजवादीका जिल्ला अध्यक्ष प्रतापनारायण चौधरी, जिल्ला इन्जार्च एवं केन्द्रिय सदस्य गोबिन्द न्यौपाने, मधेश प्रदेशका सहइन्चार्ज रामप्रित पासवान, बुद्धिजीवी परिषदका सचिवालय सदस्य नथुनी दास, परिषदका जिल्ला अध्यक्ष अनिल अनल, सल्लाहकार सुरेन्द्र प्रसाद गुप्ता, संगठनका केन्द्रिय उपाध्यक्ष प्रकाश खतिवडा, अवकाशप्राप्त शिक्षिका मञ्जु श्रेष्ठ, शम्भुनाथ नगरपालिकाका मेयर जितेन्द्र प्रसाद गुप्तालगायतले शुभकामना दिए ।

शनिबारै सम्पन्न प्रेस संगठनको बन्द सत्रले पुनः अनिल पोखरेलको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मतले चयन गरेको छ ।

जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

जनज्योति कृषि सहकारी संस्था लि.
राजविराज ९ मलेठ, सप्तरी
सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np

डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / **Mo. No** : 9819721526, 9852820734

अन्तर्राष्ट्रिय समाचार

बंगलादेशमा इन्धनको मूल्यमा भारी वृद्धि

ढाका/बङ्गलादेश सरकारले इन्धनको मूल्य इतिहासकै सबैभन्दा उच्च बनाएको छ । सन् १९७१ मा देश स्वतन्त्र भएपछि पहिलोपटक खुद्रा इन्धनको मूल्यमा उच्च वृद्धि भएको हो ।

बङ्गलादेश सरकारले शुक्रबार राति शनिबारदेखि लागू हुने गरी इन्धनको मूल्य ५१.७ प्रतिशतले बढाएको हो । ऊर्जा तथा खनिज स्रोत मन्त्रालयले जारी गरेको मूल्य सूचनाअनुसार अहिले एक लिटर अक्टेनको मूल्य १३५ टाका पुगेको छ । हिजो अपराह्नसम्म सोही परिमाणको पेट्रालको मूल्य ८९ टाका थियो । डिजेल र मट्टितेलको मूल्य पनि ४२.५ प्रतिशतले बढाएर प्रतिलिटर ११४ टाका कायम भएको छ । पेट्रोलको मूल्य ४४ टाकाले बढेर १३० पुगेको छ ।

अधिकारीहरूले भने कि खुद्रास्तरमा पछिल्लो मूल्य वृद्धि राज्य सञ्चालित वितरण कम्पनीलाई दिइएको सहुलियतको बोझ कम गर्न अपरिहार्य भएकाले इन्धनको मूल्य बढाइएको उक्त मन्त्रालयले प्रेस विज्ञप्ति निकालेर जनाएको छ । साथै मन्त्रालयले अन्तरराष्ट्रिय बजारमा इन्धनको मूल्य बङ्गलादेशको भन्दा धेरै बढी भएको बताएको छ ।

आर्थिक क्षेत्रका जानकारहरूले इन्धनको मूल्यवृद्धिले मुद्रास्फीतिलाई बढाउने बताएका छन् गत जुनमा मुद्रास्फीति बढेर ७.५६ प्रतिशत पुगेको थियो । बितेका नौ वर्षयता पहिलोपटक यति उच्च बिन्दुमा मूल्यवृद्धि पुगेको हो । एजेन्सी

भारतमा उपराष्ट्रपतिको निर्वाचन सम्पन्न

नयाँदिल्ली/भारतमा उपराष्ट्रपति चयनका लागि शनिबार मतदान भएको छ । सबैभन्दा पहिले प्रधानमन्त्री नरेन्द्र मोदीले मतदान गरेर मतदान प्रक्रिया सुरु भएको अधिकारीले जनाएका छन् । उपराष्ट्रपतिको चयन संसद्बाट हुने भएकोले सङ्घीय संसद्मा मतदान भएको हो ।

उपराष्ट्रपति चयनका लागि मतदान गर्न लोकसभा र राज्यसभाका सबै सांसद तथा मनोनित सदस्य योग्य मानिन्छन् ।

स्थानीय समयअनुसार बिहान १० बजेदेखि सुरु भएको मतदान बेलुका पाँच बजेसम्म चल्ने अधिकारीले जानकारी दिएका छन् । मतगणना शनिबार नै गरेर नतिजा पनि सार्वजनिक हुने बताइएको छ ।

नवनिर्वाचित उपराष्ट्रपतिलाई सपथ खुवाउने कार्यक्रम भने आगामी अगस्ट ११ मा मात्रै गराइने तालिका रहेको छ ।

सन् २०१७ मा निर्वाचित वर्तमान उपराष्ट्रपति एम बेकैया नायडुको कार्यकाल अगस्ट १० मा सकिने भएकाले नवनिर्वाचित उपराष्ट्रपतिलाई अगस्ट ११ मा सपथ खुवाइने भएको हो ।

नयाँ उपराष्ट्रपतिका लागि विपक्षी दलको तर्फबाट मार्गरेट अल्भालाई उम्मेदवार बनाइएको छ भने सत्तारुढ दलको तर्फबाट भारतीय जनता पार्टीका शिर्ष नेता जगदिप धनकरलाई उठाइएको छ । उहाँ व्यवसायीक हिसावले वकिल हुनुहन्छ भने यसअघि पश्चिम बंगालको गभर्नर हुनुभएको थियो ।

सन् २०१९ मा गभर्नरमा नियुक्त हुनुभएका धनकरले मुख्यमन्त्री ममता बेनर्जीसँगको चिसो सम्बन्धका कारण राजीनामा दिनुभएको थियो । भारतको संविधानअनुसार उपराष्ट्रपति देशको दोस्रो ठूलो पद हो । एजेन्सी

पाकिस्तानमा उप निर्वाचन घोषणा

इस्लामाबाद/पाकिस्तानमा शुक्रबार उपनिर्वाचनको मिति घोषणा गरिएको छ । राष्ट्रिय सभाको नौ सिटका लागि निर्वाचन गर्न मिति घोषणा गरिएको हो ।

आगामी सेप्टेम्बर २५ मा मतदान गराउने गरी निर्वाचन घोषणा गरिएको निर्वाचन आयोगले जनाएको छ ।

देशको राजनीतिक परिवर्तन र तत्कालिन सत्तारुढ दल पाकिस्तान तेहरिक ए इन्साफ पार्टी (पिटिआई)भित्रको विवादका कारण खालि भएका सिटमा निर्वाचन गर्नुपर्ने भएको हो ।

निर्वाचन आयोगले सार्वजनिक गरेको तालिका अनुसार आगामी अगस्ट १० देखि १३ सम्ममा उम्मेदवारी दर्ताको समय तोकिएको छ ।

उम्मेदवारीमाथि अगस्ट १७ सम्ममा आवश्यकताअनुसार अध्ययन तथा छानविन गरिने निर्वाचन आयोगले जनाएको छ ।

उम्मेदवारलाई अगस्ट २९ मा निर्वाचन चिन्ह दिइने गरी निर्वाचन तालिका बनाइएको अधिकारीहरुले जनाएका छन् ।

गत जुलाईमा सभामुख राजा पेभाइजले सामुहिक राजीनामा दिएका पिटीआइका सांसदको राजीनामा स्विकृत गरिएको घोषणा गर्नु भएको थियो । उनीहरुले अप्रिल ११ मा सामुहिक राजीनामा दिएका थिए । राजीनामा दिएको झण्डै तीन महिनापछि मात्रै राजीनामा स्विकृति गरिएको हो ।

उनीहरुको राजीनामा स्विकृति भएपछि निर्वाचन आयोगले तयारी गरेर अहिले निर्वाचन घोषणा गरेको हो । एजेन्सी

शिविरबाट एक सय १७ जना बुद्धबृद्धाले पाए दृष्टि

राजविराज/सामाजिक क्षेत्रमा क्रियाशिल धर्मी हल्फा महिला विकास क्लब सप्तरीले चौधरी आँखा अस्पतालको सहकार्य तथा छिन्नमस्ता गाउँपालिकाको समन्वयमा संचालन गरेको निशुल्क आँखा उपचार स्वास्थ्य शिविरबाट १ सय १७ जना बृद्धबद्धाले दृष्टि पाएका छन् ।

मोतियाबिन्दु रोग लागेर आँखा नदेख्ने १ सय १७ जनाको शल्यक्रिया गरिएको र शल्यक्रियापछि उनीहरुले आँखा देख्न सक्ने भएको क्लबका अध्यक्ष इ. सूर्य नारायण यादवले बताएका छन् ।

शुक्रबार आयोजना गरिएको शिविरमा ३ सय ५१ जनाको उपचार गरिएकोमा त्यसमध्ये मोतियाबिन्दुका १ सय १७ जनाको सफल शल्यक्रिया गरिएको उपचारमा संलग्न चौधरी आँखा अस्पतालका डा. राजकुमार यादवले बताए । शिविरमा डा. यादवका साथै डा. रेणु बमजमसहित ८ जनाको चिकित्सिक टोलीले उपचार सेवा प्रदान गरेका थिए ।

आर्थिक अभावले उपचार गर्न असमर्थ भएका विपन्न परिवारलाई लक्षित गरि जिल्लाका विभिन्न स्थानमा बेला बेलामा निशुल्क स्वास्थ्य शिविर संचालन गर्दै आएको सो संस्थाले बितेको एक वर्षमा १ हजार ६५ जनाको मोतियाबिन्दु शल्यक्रिया गराएको अध्यक्ष यादवले बताएका छन् ।

दन्त रोग चिकित्सकको रिक्त पदपूर्ती र दरबन्दी सृजना गर्न सरकार उदासिन

राजविराज/नेपाल डेन्टल एशोसिएशनका केन्द्रिय उपाध्यक्ष डा. अजय कुमार साहले अस्पतालहरुमा दन्त रोग चिकित्सकको पदपूर्ती गर्न र नयाँ दरबन्दी सृजना गर्न सरकार उदासिन बनेको रहेको बताएका छन् ।

शनिबार राजविराजमा नवगठित नेपाल डेन्टल एशोसिएशन सप्तरी शाखाको प्रथम कार्यकारणी समितिको सम्मानमा आयोजित बधाई तथा सम्मान कार्यक्रमको उद्घाटन गर्दै उनले सो कुरा बताएका हुन् ।

उनले यस बारे मन्त्रालय र मन्त्री कहाँ पटक पटक पुगेर ध्यानाकर्षण गराउँदा पनि आश्वासन बाहेक केही नपाइएकोले निकट भविष्यमै धर्ना र जुलुस लगायतका आन्दोलनका कार्यक्रम गर्नु पर्ने अवस्था आएको बताउँदै यसका लागि सबैलाई तयार रहन आग्रह समेत गरे ।

नक्कली डाक्टर र बिना दर्ताका औषधी पसलको अहिले बिगबिगी चलिरहेको बताउँदै डा. साहले त्यसका बिरुद्ध पनि लाग्नु पर्ने अवस्था आएको बताए ।

एशोसिएशनका जिल्ला अध्यक्ष डा. सन्जय साहको अध्यक्षतामा आयोजित कार्यक्रममा गजेन्द्र नारायण सिंह अस्पतालका पूर्व मेडिकल सुपरिडेन्टेन्टद्वय डा. रन्जित झा, डा. टेक नारायण मण्डल, रेडक्रस सोसायटी शाखा सप्तरीका सभापति जोगेन्द्र भगत, डा. सुनिल सिंह, डा. बिमल देव, डा. नरेश मेहता, डा. विवेक सिंह, डा. मिरा आचार्य, डा. प्रेक्षा डाली लगायतले दन्त चिकित्सा क्षेत्रमा देखिएको समस्या र यसको समाधान बारे आ-आफ्नो धारणा र सुझाव राखेका थिए ।

कार्यक्रममा एशोसिएशनका सुनसरी, मोरङ, झापा, धनुषा, महोत्तरी, सर्लाही लगायतका शाखाहरुको प्रतिनिधिहरुको समेत सहभागिता रहेको एशोसिएशनले जनाएको छ ।

माँ वैष्णवी काली सेवा समितिको साधारण सभा सम्पन्न

राजविराज/राजविराज वडा नं. ३ स्थित माँ वैष्णवी काली सेवा समितिको पाँचौं साधारण सभा शनिबार सम्पन्न भएको छ ।

समितिका सदस्य अशोक कर्णले बि.स. २०५८ सालमा स्थापना भएको समितिले मन्दिरको संरक्षण र सम्वर्द्धनका लागि विशेष भूमिका खेलेर राजविराज नगरपालिकाबाट सो जग्गा मन्दिरको नाममा गर्न सफल भएको जानकारी दिएका छन् । उनले आउँदो दिनमा मन्दिरलाई अझै व्यवस्थित र त्यहा सन्ध्याकालिन आरतीको व्यवस्थाका लागि तयारीमा जुटेको समेत बताए ।

समितिका अध्यक्ष मनोज कुमार मुन्धडाको अध्यक्षता, जेसिजका पूर्व राष्ट्रिय अध्यक्ष एवं समाजसेवी गोबिन्द सिंहको प्रमुख आतिथ्य तथा पूर्व गृहराज्य मन्त्री एवं समितिका सदस्य रामकुमार चौधरीको विशिष्ट आतिथ्यमा सम्पन्न साधारण सभामा समितिलाई अझ क्रियाशिल बनाएर वैष्णवी काली मन्दिरलाई व्यवस्थित गर्नेमा वक्ताहरुले जोड दिए ।

आयोजित कार्यक्रममा मधेश प्रदेश कृषि विश्वविद्यालयका उपकुलपति बैधनाथ महतो, विश्वविद्यालयका रजिष्टार भगवान ठाकुर, संचारकर्मी बैजनाथ झा, अरुण प्रधान, वाड नं. ३ का कावा अध्यक्ष शान्तिदेवी चौधरी लगायतका वक्ताहरुले मन्दिरको संरक्षण र सम्वर्द्धनका लागि हरसम्भव सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् ।

५.३ रेक्टरस्केलको भूकम्प

काठमाडौं/शनिबार बिहान नुवाकोटको बेलकोटगढी केन्द्रबिन्दु भएर भूकम्प गएको छ ।

राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका अनुसार शनिबार बिहान ५ बजेर २६ मिनेट जाँदा नुवाकोट जिल्लाको बेलकोटगढी आसपास केन्द्रबिन्दु भएर ५.३ रेक्टरस्केलको भूकम्प गएको हो ।

उक्त भूकम्पको धक्का नुवाकोट, रसुवा, धादिङ र काठमाडौं उपत्यकाभित्र महसुस गरिएको थियो । भूकम्पका कारण काठमाडौं उपत्यकाभित्र मानिस घरबाहिर निस्केका थिए ।

यसअघि साउन १५ गते पनि खोटाङको साकेला गाउँपालिका केन्द्र भएर ६ रेक्टर स्केलको भूकम्प गएको थियो ।

चट्याङबाट बच्ने उपायः

- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit
prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*